# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४७

मितिः २०८२/०७/२१

<u>एजेण्डाहरुः</u>

१. समीक्षा सम्बन्धमा।

२. अर्जुनचौपारी गाउँपालिकाको सडक हेरालु कार्यविधि, २०८२ सम्बन्धमा।

३. प्रथम चौमासिक सार्वजनिक सुनुवाइ सम्बन्धमा।

४. तेस्रो राष्ट्रपति रनिङ्ग शिल्ड/शैक्षिक महोत्सव सम्बन्धमा।

५. अर्जुनचौपारी गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा।

६. अर्जुनचौपारी गाउँपालिकाको उत्पादनमा उपाध्यक्ष कार्यविधि,२०८० संशोधन सम्बन्धमा।

७. नवप्रवर्तन साझेदारी परियोजना छनौट सम्बन्धमा।

८. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रतिनिधिसभा निर्वाचनलाई मध्यनजर गर्दै अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ का लागि १७ औं गाउँसभा (अधिवेशन) बाट स्वीकृत भएका वडास्तरीय तथा पालिकास्तरीय योजना एवं कार्यक्रमहरूलाई समयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित वडा कार्यालय तथा सरोकारवालाहरुलाई आवश्यक समन्वयको व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका मुख्य—मुख्य सडकहरूको दिगोपना तथा नियमित मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउन एवम् बाह्रै महिना यातायात सञ्चालन गर्नका लागि अर्जुनचौपारी गाउँपालिकाको सडक हेरालु कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४७

मितिः २०८२/०७/२१

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८२/०८/... गतेका दिन अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय भवनमा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको तेस्रो राष्ट्रपति रनिङ्ग शिल्ड/शैक्षिक महोत्सव कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने जिम्मेवारी अर्जुनचौपारी गाउँपालिकाको शैक्षिक कार्यदललाई प्रदान गर्ने साथै शैक्षिक कार्यदलले तोकेको मितिमा भव्य र सभ्य रुपमा राष्ट्रपति रनिङ्ग शिल्ड/शैक्षिक महोत्सव कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले निर्माण गरेका भौतिक संरचनाहरुको नियमित मर्मत एवम् दिगोपनासहित दीर्घकालीन संरक्षण सुनिश्चित गर्ने उद्देश्यले तर्जुमा गरिएको अर्जुनचौपारी गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय उत्पादन वृद्धिका लागि किसानहरूको माग, सुझाव र आवश्यकतालाई सम्बोधन गर्नुपर्ने आवश्यकता महसुस एवम् उत्पादन सम्बन्धी नीतिगत निर्णयको कार्यान्वयनमा सहजता ल्याउने उद्देश्यले अर्जुनचौपारी गाउँपालिकाको उत्पादनमा उपाध्यक्ष कार्यविधि, २०८० को दफा ७ लाई संशोधन गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४७

मितिः २०८२/०७/२१

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चालु आर्थिक वर्ष २०८२/०८३ को लागि नवप्रवर्तन साझेदारी परियोजना आवेदन पेश गर्नु हुन भनि मिति २०८२/०६/२८ गते ३० दिने सूचना प्रकाशन भएकोमा अर्जुनचौपारी गाउँपालिकाले नवप्रवर्तन साझेदारी परियोजनाका लागि 1907 Arena खेलमैदानमा Super Sixes Cricket Tournament सञ्चालन प्रस्तावना पेश गर्ने। नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि गाउँपालिकाको कार्यालयबाट ३० प्रतिशत लागत साझेदारी गर्न प्रतिवद्धता सहित अर्जुनचौपारी गाउँपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री विष्णु सुवेदीलाई सम्पर्क व्यक्ति तोकी तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| | |
|---|---|
| श्री प्रकाश तिवारी | संयोजक |
| श्री सपना गुरुङ | सदस्य |
| श्री युवराज अर्याल | सदस्य |
| श्री विनम्रता न्यौपाने | सदस्य |
| श्री आशिक कुमार क्षेत्र | सदस्य |
| श्री निलकण्ठ पाण्डेय | सदस्य |
| श्री दिपक थापा क्षेत्री | सदस्य |
| श्री विष्णु सुवेदी | सदस्य |
| श्री प्रतिक अर्याल | सदस्य |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (क) माथि छलफल गर्दा गाउँपालिकाभित्र रहेका बेरोजगार, युवा, महिला तथा विपन्न वर्गका व्यक्तिहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०८२/०८३ को लघुउद्यम विकास कार्यक्रमका अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ छनौट गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ४७
मितिः २०८२/०७/२१

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका तपसिल बमोजिमका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>

| क्र.स. | साविक गा.वि.स | वडा नं | | कित्ता नं | भएको किसिम | हुनुपर्ने किसिम | आधार |
|---|---|---|---|---|---|---|---|
| | | हाल | साविक | | | | |
| १ | अर्जुनचौपारी | १ | ६ | ३१७६<br>३१७७ | वर्गीकरणमा छुटेको | आवस | खेल मौदान देखि मजुवा पुल सम्मको ५० मि भित्र पर्ने कित्ता हाल आवसिय प्रयोजनामा रहेको घर रहेको कित्ता |
| २ | अर्जुनचौपारी | १ | १ | २०८<br>२५२<br>२५४<br>२६२ | वर्गीकरणमा छुटेको | कृषि | आवसको लागि उपयुक्त नभएको कित्ता |
| ३ | आरूचौर | ५ | ४ | १२०८<br>१२९५<br>१२९६<br>१२९९<br>१३०० | वर्गीकरणमा छुटेको | आवास | हाल आवसिय प्रयोजनामा रहेको घर रहेको कित्ता |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (ग) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि सङ्घीय सशर्त अनुदानबाट प्राप्त व्यवसायिक तरकारी तथा कृषि वस्तु उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि विनियोजित रु. ३४ लाख ७५ हजार बजेट अर्जुनचौपारी गाउँपालिकाको जग्गा लिज तथा फार्म सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४७

मितिः २०८२/०७/२१

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (घ) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि सङ्घीय सरकार एवम् प्रदेश सरकारबाट प्राप्त भएको विशेष अनुदानको बजेटबाट तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

रकम रु ००० मा

| सि.नं. | योजना/कार्यक्रमको नाम | बजेट | सञ्चालित हुने कार्यक्रम | बजेट |
|---|---|---|---|---|
| १. | विद्यालय शिक्षा सुधार कार्यक्रम (संघीय विशेष) | ७५०० | Brain for tomorrow-Change Maker Club सञ्चालन तथा व्यवस्थापन कार्यक्रम | १००० |
| | | | विद्यार्थीहरुको आधारभूत ज्ञान तथा समुदायमाआधारीत सिकाई कार्यक्रम | २००० |
| | | | विद्यालयहरुको मागमा आधारित कार्यक्रम | ४५०० |
| २. | AI Based Learning विद्यालय शिक्षा सुधार कार्यक्रम (प्रदेश विशेष) | ४००० | शिक्षक/विद्यार्थीलाई AI सम्बन्धी अभिमुखीकरण तालिम | १००० |
| | | | AI Learning सम्बन्धी उपकरण खरिद | २५०० |
| | | | कर्मचारी व्यवस्थापन/अनुगमन मूल्याङ्कन | ५०० |
| | **कूल जम्मा** | **११५००** | | **११५००** |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (ङ) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत आर्थिक ऐनमा समावेश हुन बाँकी रहेको शीर्षकमा तपसिल बमोजिम कर शीर्षक तथा शुल्क निर्धारण गरी अनुमोदनका लागि गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

**तपसिलः**

| सि.नं. | सेवा विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | इजाजत पत्र प्रमाणपत्रको प्रतिलिपि दस्तुर | ३०० | |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

अर्जुनचौपारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक सं. ४७

मितिः २०८२/०७/२१

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी नर बहादुर घर्तीको छोरा ना.प्र. नं. ८५९१ का धन बहादुर घर्ती मोटरसाइकल दुर्घटनामा परी हात भाचिइ भीरकोट नगर अस्पतालमा उपचारर्थ रहेको साथै निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा निजलाई उपचारका लागि आर्थिक सहयोग उपलब्ध गरिदिनु हुन भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले निजको उपचारको लागि शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उद्धार, राहत तथा पुनःस्थापना शीर्षकबाट रु. १०,००० (अक्षरेपी रू. दश हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ५ निवासी ना.प्र.प.नं. ७९ का डिल बहादुर क्षेत्रीको मिति २०८२/०५/१४ गतेका आएको अविरल वर्षाको कारणबाट घर धन्सार पहिरोले उच्च जोखिम अवस्था रहेको रहेको हुँदा उक्त घर धन्सार संरक्षणका लागि आवश्यक सहायता उपलब्ध गराइदिनु हुन भनी सम्बन्धित वडा कार्यालयको सिफारिस एवम् प्रहरी मुचुल्का प्राप्त भएकोले उक्त घर धन्सार संरक्षणका लागि विपद् व्यवस्थापन कोषबाट रु १५,०००।-( पन्ध्र हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता